# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको

## प्लाष्टिक बोरा खरिद सम्बन्धी गोप्य शिलवन्दी बोलपत्र आह्वानको सूचना

**प्रकाशित मिति २०८३।०६।२०**

यस कम्पनीका तपशिलका कार्यालयहरुको लागि प्लाष्टिकको बोरा खरीद गर्नु पर्ने भएकोले स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर, (VAT) मा दर्ता भएका इच्छुक फर्म, संस्था वा कम्पनीबाट तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही रितपूर्वकको गोप्य शिलबन्दी बोलपत्र (Hardcopy Bidding) आव्हान गरिएको छ।कम्पनीले खरिद गर्ने बोराको किसिम, तौल, आकार, क्षमता, बुझाउनु पर्ने स्थान, परिमाण, धरौटी रकम, बोलपत्र दस्तुर, बोलपत्र खरिद गर्ने र खोल्ने मिति तपसिल बमोजिम रहेका छन्।

**<u>तपशिल:-</u>**

| क्र. सं. | बोरा बुझाउने कार्यालयको नाम | बोराको प्रकार (किसिम) | खरिद गरिने बोराको परिमाण थान | धरौटी रकम (रु.) | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १. | प्रादेशिक कार्यालय, जनकपुर | अरुवा सोना मन्सुली चामलको बोरा (२५ के.जी. क्षमताको) | ३०,००० | | |
| | | सादा बोरा (२५ के.जी. क्षमताको) | २५,०० | | |
| | | सादा बोरा (५० के.जी. क्षमताको) | १०,००० | | |
| २. | प्रादेशिक कार्यालय, सुर्खेत | अरुवा मोटा (२५ के.जी. क्षमताको) | ११,५०० | | |
| | | अरुवा सोना (२५ के.जी. क्षमताको) | ७,७५० | | |
| | | अरुवा मध्यम (२५ के.जी. क्षमताको) | ८,४०० | १,३३,०००/- | ५,०००/- |
| | | स्टिम जिरा (२५ के.जी. क्षमताको) | ८,६५० | | |
| ३. | मुख्य शाखा कार्यालय राजापुर | अरुवा मोटा (२५ के.जी. क्षमताको) | ६०,००० | | |
| | | अरुवा मध्यम (२५ के.जी. क्षमताको) | ७,००० | | |
| | | सादा बोरा (२५ के.जी. क्षमताको) | १३,००० | | |
| | | सादा बोरा (५० के.जी. क्षमताको) | ८,००० | | |
| **कुल जम्मा परिमाण (थान)** | | | १,५८,८०० | १,३३,०००/- | ५,०००/- |

**नोटः-**

१. ईच्छुक बोलपत्रदाताले कम्पनीको प्रधान कार्यालय खरिद विभाग (खरिद एकाई) बाट र कम्पनीको वेभसाइट www.fmtc.org.np बाट समेत डाउनलोड गरी मिति २०८३/०७/१० गते कार्यालय समयभित्र फिर्ता नहुने गरी बोलपत्र दस्तुर वापत रु. ५०००/- दाखिला गरी बोलपत्र कागजात खरिद गरि सक्नु पर्नेछ । मिति २०८३/०७/१० कार्यालय समय पश्चात् बोलपत्र दस्तुर तिरी खरिद गरिएको बोलपत्र कागजात मान्य हुने छैन ।

२. बोलपत्रदाताले माथि उल्लेखित भए बमोजिमको बोलपत्र दस्तुर र बोलपत्र जमानत धरौटी रकम वापत रु. १,३३,०००।- यस कम्पनीको नेपाल बैंक लिमिटेड धर्मपथ काठमाण्डौको चल्ती खाता नं. ००२००१००५०२४२४०००००१ मा KHADHYA BYABASTHA TATHA BYAPAR COMPANY LIMITED को नाममा तोकिएको समय भित्रै जम्मा गरेको सक्कलै भौचर वा ”क” बर्गको वाणिज्य बैंकबाट **खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको** नाममा तोकिएको समय भित्रै जारी भएको नियमानुसारको बोलपत्र पेश गर्ने अन्तिम मिति देखि ४ महिना अर्थात् १२० दिन अवधिको बैक जमानीपत्र पेश गर्नु पर्नेछ ।

३. २०८३/०७/११ गते १२:०० बजे भित्र खरिद विभाग (खरिद एकाई) प्रधान कार्यालय काठमाडौंमा बोलपत्र दर्ता गरिसक्नु पर्नेछ। सोही दिन २:०० बजे प्रधान कार्यालय काठमाडौंमा नियमानुसार बोलपत्र खोलिने छ ।

४. बोलपत्रदाताले बोलपत्र फारममा बोराको रकम कबुल गर्दा भ्याट सहित नियमानुसार लाग्ने कर, ढुवानी भाडा, लोड अनलोड आदि खर्च समावेश गरी सबै कार्यालय र किसिमका प्लाष्टिक बोराहरुको कुल परिमाण (१५८८०० थान) को एकमुष्ठ रुपमा कबोलदर उल्लेख गरि बोलपत्रको खाम बाहिर **"प्लाष्टिक बोरा खरिद सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र"** भन्ने उल्लेख गरी तोकिएका सबै कागजात बोलपत्रसाथ संलग्न राखी खाम शिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

५. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन माथि उल्लेखित समयमा उक्त कार्य हुनेछ।

६. प्राप्त बोलपत्रहरुको सार्वजनिक खरिद ऐन २०६३ (दोस्रो संशोधन), सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) बमोजिम मूल्याङ्कन गरि सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता छनौट गरिनेछ। साथै प्लाष्टिक बोराको कुल संख्याको एकमुष्ठ मूल्याङ्कन गरिनेछ।

७. स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको १५ दिन भित्र नियमानुसारको कार्य सम्पादन जमानत पेश गरी प्लाष्टिक बोरा खरीद/बिक्री सम्झौता गर्नु पर्ने छ।

८. माथि उल्लेखित परिमाण माथि उल्लेखित कार्यालयहरुमा संझौता भएको मिति देखि ४५ दिन भित्र बुझाई सक्नु पर्नेछ। कम्पनीको आवश्यकतालाई हेरी कार्यालयमा बुझाउन माथि तोकिएको परिमाणमा थपघट गर्न सकिनेछ ।

९. बोलपत्र मान्य हुने अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिदेखि ९० दिनको हुनेछ। बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा सुरक्षित रहनेछ।

१०. बोलपत्र सम्वन्धी शर्तहरु यो सूचना र बोलपत्र कागजातमा उल्लेखित भए जति सोही बमोजिम र अन्य सार्वजनिक खरिद ऐन २०६३ (दोस्रो संशोधन), सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) र यस कम्पनीको खरिद तथा आर्थिक प्रशासन विनियमावली २०७९ बमोजिम हुनेछ ।

११. बोलपत्रसाथ पेश गरिएका आवश्यक कागजात (फोटोकपी) को सक्कल प्रति यथाशिघ्र प्रधान कार्यालय, खरिद विभाग (खरिद एकाई) मा बुझाउनु पर्नेछ।

**खरिद एकाई, प्रधान कार्यालय, काठमाडौं, फोन नं ०१-४२५५८६५, website: www.fmtc.org.np**